# प्रदेश सभा

**प्रदेश नं ४**

**दोस्रो अधिवेशन**

**(एघारौं बैठक)**

## कार्यवाहीको सम्पूर्ण विवरण

**मिति : २०७५/०२/२८ दिनको** १:०० बजे

प्रदेश सभा, प्रदेश नं ४ को दोस्रो अधिवेशनको आजको बैठकको कार्यवाही माननीय उपसभामुख श्री श्रृजना शर्माको अध्यक्षतामा दिनको २ बजेर ५५ मिनेटमा प्रारम्भ भयो ।

### माननीय सभामुख

माननीय सदस्यहरु, आजको बैठकको कारवाही प्रारम्भ हुन्छ ।माननीय सदस्यहरु बस्नुस्। माननीय सदस्यहरु बस्नुस् । माननीय सदस्यहरु बस्नुस् । अब, माननीय सदस्य श्री कृष्णचन्द्र नेपाली पोखरेललाई बोल्न समय दिन्छु ।

### माननीय श्री कृष्णचन्द्र नेपाली पोखरेल

माननीय सभामुख महोदय, हजारौं शहीदहरुको बलिदानबाट प्राप्त यो संघीय लोकतान्त्रीक गणतन्त्रको कार्यान्वयनको सन्दर्भमा प्रदेश नं ४ को यो सम्मानित प्रदेश सभामा यस सम्मानित प्रदेश सभामा म निवेदन गर्न चाहन्छु कि लोकतन्त्रको आत्मा लोकतन्त्रको खासगरिकन संसदीय व्यवस्थाको अभिन्न अंगको रुपमा रहेको प्रतिपक्षी दल या प्रतिपक्ष त्यो भनेको एउटा अभिन्न अंग हो र यसलाई सम्मान गर्नुपर्ने सत्तापक्षको एउटा कर्तव्य हो र त्यो कुराको चाहिनी ग्यारेन्टी गर्नुपर्ने ।

माननीय सभामुख महोदय, यो सम्मानित आसनको पनि यस अर्थमा यस प्रदेश सभामा हामी जुनरुपमा हामीले जुन व्यवहार भयो जसरी सत्ता पक्षले त्यो मुल्य र मान्यता मर्यादालाई नाघेर

जुन किसिमको यहाँ एक्सन भयो त्यसप्रति हामीहरु हाम्रो चाहिं के छ भन्दाखेरि हाम्रो दल असहमत छ किनभने संसारको लामो इतिहासमा यो राष्ट्रको लागि प्रदेशको लागि र जनताको लागि पनि के आवश्यक छ भने यो लामो इतिहासमा के देखिएको छ भने जहाँ जहाँ प्रतिपक्षको सम्मान भाको छ जहाँ जहाँ प्रतिपक्षलाई चाहिने एउटा संबैधानिक ग्यारेन्टी भाको छ ती देशहरुमा ती पद्धतिहरु सफलताको विन्दुमा पुगेका छन् । जहाँ जहाँ प्रतिपक्षको अस्तित्वलाई स्वीकार गरिएको छैन सभामुख महोदय, त्यहाँ त्यो सिष्टम नै कोल्याप्स भाको अवस्था छ । यस अर्थमा जुन पद्धति हामीले अंगालेका छौं जुन पद्धतिको लागि हामी हजारौं शहीदहरु बलिदान भाका छन् त्यो पद्धति भनेकै के हो भन्दाखेरि प्रतिपक्षलाई यो सदन भनेको प्रतिपक्षको हो ।प्रतिपक्षलाई सत्ता पक्षले त्यहि अनुसार मान्नुपर्छ भन्ने यो प्राक्टीस हो त्यसमा पनि यो अन्तराष्ट्रिय नभैकन हाम्रै राष्ट्रको प्राक्टीसको कुरो हेर्ने हो भने सभामुख महोदय, केन्द्रमा हामीले देखेका छौं त्यहाँ एउटा सदस्य मेम्बर भएको पार्टीले सदन अवरुद्ध गर्दाखेरि त्यहाँ सदन अवरुद्ध भाको छ । त्यो हाम्रो इतिहास छ तर सभामुख महोदय, यहाँ त्यो कुरो भएन ।यस अर्थमा म के निवेदन गर्न चाहन्छु भने यो ४ नं प्रदेशलाई सफल तरिकाले लोकतान्त्रीक अभ्यास गर्दै लैजाँदै गर्दा यदि यो कुराहरुलाई मनन गरिएन भने त्यो चाहिने यो सिष्टमकै लागि राम्रो हुनेछैन यस अर्थमा म सभामुख महोदय मार्फत हाम्रो सत्तापक्ष सँग अनुरोध अऽऽ गर्न चाहन्छु कि यो नर्म्सलाई भोलिका दिनमा वहाँहरुले पालना गर्नुपर्छ त्यो चिजको प्रतिपक्षलाई ग्यारेन्टी हुनुपर्छ अनिमात्र सत्ता पक्ष र विपक्ष भएर अगाडि बढ्ने एउटा माहोल बन्छ यस अर्थमा म सम्मानिय सभामुख मार्फत वहाँहरु समक्ष यो कुराहरु राख्दै र फेरि भोलिका दिनमा यो चिजको पुनरावृत्ति नहोस् र सभामा यसो भन्दै गर्दा एउटा जिम्मेवार प्रतिपक्षको हैसियतबाट भोलिका दिनमा यो प्रदेशको उन्नतीको लागि, प्रगतिको लागि र यहाँका जनताहरुको खुशियालीको लागि मेरो दल सधैं सहयोगी रहनेछ यिनै कुराहरु राख्न चाहन्छु धन्यवाद ।

## माननीय सभामुख

अब म माननीय श्री कृष्णचन्द्र नेपाली पोखरेलले सभा समक्ष राख्नुभएको बिषयमा माननीय मुख्यमन्त्री श्री पृथ्वी सुब्बा गुरुङलाई आफनो भनाई राख्न अनुमति दिन्छु ।

## माननीय मुख्यमन्त्री श्री पृथ्वी सुब्बा गुरुङ

माननीय सभामुख महोदय, हामी आज प्रदेश सभाको दोस्रो अधिवेशनको बैठकमा उपस्थित भएका छौं ।अऽऽ दुई चार दिन यता हाम्रो प्रदेश सभाको कारवाही सुचारु ढंगले अगाडि बढ्न सकेन र म यसमा के भन्न चाहन्छु भनेदेखि प्रतिपक्षी दलको नेताले उठाउनु भएका बिषयहरु । खास गरिकन अन्य ठाउँमा पनि उठ्ने गरेको बिषय छ यो नेपाल कम्युनिष्ट पार्टीको सरकारले लोकतन्त्रको मुलभुत मुल्य र मान्यता तोड्ने हो कि अधिनायकवाद लाद्ने हो कि तानाशाही लाद्ने हो कि जुन खालको आशंकाहरु व्यक्त गऱ्या छ म के भन्न चाहन्छु भने नेपाल कम्युनिष्ट पार्टी स्थापनाको दिन देखि नेपालमा लोकतान्त्रीक आन्दोलनको लागि, नेपालमा बहुदलिय व्यवस्था स्थापनाको लागि नेपालको वामपन्थी आन्दोलनको लागि लड्दै आएको पार्टी हो ।।हरेक मोर्चामा यो पार्टीले आफ्नो भुमिका अदा गऱ्याछ त्यसकारणले हाम्रो लोकतन्त्र प्रतिको हाम्रो निष्ठा प्रति लोकतन्त्र प्रतिको हाम्रो आस्था प्रति यहाँहरुले कुनै आशंका नगर्नुहुन म अनुरोध गर्न चाहन्छु । हामी लोकतन्त्रका मुलभुत मान्यता र सिद्धान्तमा अडिग छौं । आवधिक निर्वाचनको व्यवस्थापनको कुरा, शक्ति पृथकीकरणको कुरा, अऽ कानुनको शासनको कुरा, स्वतन्त्र न्यायपालिकाको कुरा र मानव अधिकार र मौलिक अधिकारको प्रत्याभुत गर्ने कुरा र खास गरिकन संसदीय प्रणालीको एउटा महत्वपूर्ण गहना भन्ने गहना भनेको बहुमतको सरकार प्रतिपक्ष अल्पमतको प्रतिपक्ष हो त्यसकारणले यो मुलभुत मान्यतामा अडिग भएर प्रदेश नं ४ को चाहिं सरकार चलिरहेको छ चल्ने प्रतिबद्ध व्यक्त गर्न चाहन्छ । हामी लोकतन्त्रका कुनैपनि कुराहरुलाई अवहेलना गर्ने त्यल्लाई अवज्ञा गर्ने पक्षमा छैनौ ।म यहाँनिर के चाहिं जोड दिन चाहन्छु भने एउटा कुरा छ अऽऽ सरकार बहुमतको हुन्छ अल्पमतको प्रतिपक्ष हुन्छ ।प्रतिपक्षको नाउँमा प्रतिपक्ष यदि सकारात्मक भएन भने प्रतिपक्षले यदि संसदमा नकारात्मक यदि सकारात्मक भुमिका निर्वाह गर्न रचनात्मक भुमिका निर्वाह गरेन भने संसद अराजकताको थलो बन्दछ त्यसकारणले यो संसदलाई अझ अराजकताको थलो बन्न नदिनको लागि म फेरिपनि प्रतिपक्षि साथीहरुलाई भन्न चाहन्छु यो संसदलाई अराजकताको थलो नबनाउँ तपाईंहरुले रचनात्मक भुमिका निर्वाह गर्नुस् सकारात्मक सहयोग गर्नुस प्रदेश सरकारको यहि तपाईंहरु प्रति आग्रह छ दोस्रो कुरा बहुमतको नाउँमा कम्युनिष्ट पार्टीको सरकार कुनै पनि प्रकारको निरंकुशता लाद्ने पक्षमा छैन ।हामी तपाईंहरुको जुन चाहिं माग छ त्यल्लाई पुरा गर्न तयार छौं ।म यति भन्न चाहन्छु र आज हामीले गर्व गर्नुपर्दछ हामीले पहिलो आंशिक बजेट पनि ल्यायौं त्यो बजेटकै आधारमा सेरोफेरोमा हामीले नीति कार्यक्रम पनि ल्यायौं र हामीले ल्याएको नीति र कार्यक्रम हामीले ल्याएको बजेटले आज सातवटा प्रदेश

सरकारहरु मध्ये सबैभन्दा राम्रो नीति तथा कार्यक्रम ल्याएको प्रदेश सरकार हाम्रो सरकार छ यसमा हामी सबैले गर्व गर्नुपर्दछ ।सबैभन्दा राम्रो आंशिक बजेट ल्याएको प्रदेश सरकारको नीति र कार्यक्रममा आधारित भएर जुन बजेट ल्याएको छ सामाजीक आर्थिक रुपान्तरणको लागि आर्थिक समृद्धिको लागि यसमा प्रतिपक्षहरुको साथ सहयोग रहेको छ यो सबै हामी सबैको चाहिं साझा उपलब्धी हो भन्ने मलाई लाग्छ त्यसकारणले हामीले यसमा चाहिं गर्व गर्नुपर्दछ र यो म फेरि पनि निवेदन गर्न चाहन्छु अहिले हामीले जुन खालको बजेट ल्याइरहेका छौं नीति र कार्यक्रम ल्याछौं यो नीति र कार्यक्रममा हाम्रो सरकार कहाँ मात्रै हो भनेदेखि सरकार बहुमतको अहंकार देखाएर यो संसदलाई डिक्टेड गर्ने या सरकारका अरु क्रियाकलापहरु सञ्चालन गर्ने पक्षमा छैन तर के हुन्छ भनेदेखि एउटा सन्दर्भ चाहिं कोट्याउन चाहन्छु  मरता करता क्या नही करता जब सरकारको अस्तित्व माथि प्रश्न उठ्छ जब सरकारको बजेटलाई कार्यान्वयन गर्ने कुरामा प्रश्न उठाउने या हामीलाई शंका गर्ने ठाउँ हुन्छ या बजेट ल्याउने कुरालाई अबरोध गर्ने प्रयत्न हुन्छ या नीति र कार्यक्रमलाई अगाडि बढाउने कुरामा जब अरु कुनै बिषयलाई बिषय त्यहाँ समावेश गरेर त्यसलाई ऽऽ डिडेल गर्ने प्रयत्न हुन्छ भन्ने हामीलाई आशंका हुन्छ भने त्यसबेला हामीले आफ्नो अस्तित्वको लागि, सरकार चलाउनको लागि नीति र कार्यक्रममा छलफल चलाउनको लागि त्यस्लाई पारित गर्नको लागि र यो अऽऽऽ हामीले अब प्रस्तावित गर्न लागेको ल्याउन लागेको बजेटलाई चाहिं अगाडि बढाउन बजेटको कार्यक्रमलाई अगाडि बढाउनको लागि हामीले सरकार चलाउनु पर्ने हुन्छ त्यहि हैसियतले हामीले काम गरेका छौं त्यसकारणले म प्रतिपक्षी साथीहरुलाई के निवेदन गर्न चाहन्छु भने सत्ता नीति र कार्यक्रम भनेको मुलभुत कुरा हो सरकारको संसदको मुलभुत चाहिं दायित्व हो र सरकार संसदमा प्रस्तुत हुने नीति र कार्यक्रम हामी कुन चाहि सिस्टममा आधारित छौं कुन चाहिं मान्यतामा आधारित छौं भने बेलायती संसदीय प्रणालीमा किङ्ग ईन पर्लियामेन्ट भनिन्छ हाम्रो मुलुकमा चाहिं किङ्ग छैन हाम्रो मुलुकमा मोनार्की छैन तर आज मोनार्कीको हेड अफ द स्टेटको रुपमा संघीय सरकारको सरकारमा राष्ट्रपति हुनुहुन्छ प्रदेश प्रदेशमा चाहिं प्रदेश प्रमुखहरु हुनुहुन्छ त्यसकारणले त्यो नीति तथा कार्यक्रम प्रदेश प्रमुख यो प्रदेशको हेड अफ द प्रोभिन्स यो प्रदेशको चिफ अफ द गभर्नेन्ट यो सप्पै  गरेर यो प्रदेशको संयुक्त दस्तावेज हो भन्ने लाग्छ मलाई त्यसकारणले त्यो संयुक्त दस्तावेजमा छलफल चलाउने कुरामा जब कहिं कतैबाट समस्या पैदा हुन्छ यो चाहिं मैले के भन्न चाहेछु भनेदेखि अऽऽ ठूलो कुराको अगाडि महत्वपूर्ण बिषयको अगाडि अरु चाहिं तपाईंको तपसिलका बिषयहरुलाई हालेर यो समस्या पैदा गर्ने कुरा चाहिं

शोभनीय भएन भनेर मैले माननीय सदस्यहरुलाई खासगरिकन विपक्षी दलको नेतालाई मैले बारम्बार आव्हान गरेकैछु अनुरोध गरेकै छु यसरी नजाउँ किनभने म यहाँ के निवेदन गर्न चाहन्छु भने आज हामीले पारित नगरि नहुने छलफल गरेर पारित नगरिनहुने बिषय नीति र कार्यक्रम हो त्यसको आधारमा हामीले अब नियमअनुसार हाम्रो प्रदेशको नेपालको कानुन अनुसार संघीय चाहिं कानुन अनुसार हामीले यो असार १ गते हामीले बजेट नल्याइ नहुने स्थिति छ त्यो भन्दा अगाडि त्यो बजेट सँग जोडिएका बिधेयकहरु पारित नगरिनहुने स्थिति छ अनि यो कुरा ठुलो हुन्छ कि प्रदेशको नामाकरण या प्रदेशको राजधानी तोक्ने कुरा चाहिं महत्वपूर्ण हुन्छ प्रदेशको राजधानी नतोक्दापनि हाम्रो यो प्रदेश सभा चलिराख्या हुन्छ चलेकै छ भोलि पनि चल्छ यसको अर्थ सधैं सधैं यो चाहिं लम्ब्याएर राख्नुपर्छ भन्ने मेरो आशय होइन तर प्रदेशको नीति र कार्यक्रम भएन पास भएन भने के हुन्छ प्रदेशमा बजेट आएन भने के हुन्छ बजेट पास भएन भने के हुन्छ यो प्रदेश सभा चल्न सक्छ यो सरकार चल्न सक्छ प्रदेशको कुनै विकास निर्माणको गतिविधि अगाडि बढ्न सक्छ त्यसकारणले यो महत्वपूर्ण बिषयलाई डिडेल गर्ने काम नगरौं भनेर हामीले भनेका छौं त्यस्तो त्यस सन्दर्भमा केहि केहि तलमाथि कुराहरु हिजो हाम्रो भएको छ त्यसलाई हामीले कमसेकम त्यसबाट नकारात्मक शिक्षा लिएर अब हामी अगाडि बढ्ने कुरामा आज जुन सहमति हामीले गरेका छौं म प्रतिपक्षी साथीहरुलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु ।वहाँहरुको यो सहकार्यका साथ अगाडि बढ्ने अगिनै मैले भने हाम्रो सहकार्यका कारणले हाम्रो एकताका कारणले हाम्रो वैमनश्य नभैकन मतैक्यताका साथ अगाडि बढ्ने विभिन्न विचारधारा हुँदाहुँदै पनि सँग सँगै जाने हाम्रो प्रतिबद्धताका कारणले मुलुकको समृद्धिको लागि प्रदेशको समृद्धिको लागि जनताको सुख सुखिको लागि सुखको लागि हामीले जुन कामहरु गऱ्या छौं आज हामी सबैले मैले फेरि पनि दोहोऱ्याउन चाहन्छु हामीले जे जे काम आजसम्म गरेका छौं प्रदेशमा पहिलो प्रदेश सभाहरु मध्ये हाम्रो प्रदेश सभा नै पहिलो हो जस्ले आफ्नो नियमावली पास गऱ्यो त्यसमा हामी सबै सत्तापक्ष प्रतिपक्ष हामी बराबर हिस्सेदार छौं ।हामी सबैलाई सम्मान गर्न चाहन्छौं मेरो सरकारको तर्फबाट म सबै माननीय सांसदहरुलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु आभार प्रकट गर्न चाहन्छु फेरि पनि म गर्वको कुरा दोहोऱ्याउन चाहन्छु हाम्रो प्रदेश सभाले प्रदेश सरकारले प्रस्तावित गरेका बिधेयकहरु हामीले बनाउनुपर्ने तत्काल हामीलाई नभैनहुने बिधेयकहरु हामीले पास गरेका छौं र यो बिधेयकहरु चाँडो पास गर्ने कुरामा पनि धेरै बिधेयकहरु पास गर्ने कुरामा पनि महत्वपूर्ण बिधेयकहरु पास गर्ने कुरामा पनि यो प्रदेश सभाले महत्वपूर्ण जिम्मेवारी अदाह गरेको छ महत्वपूर्ण जिम्मेवारी

निभाएको छ यसमा पनि सबै सत्तापक्ष र प्रतिपक्ष हामी एक भएर लागेका छौं होला कुनै कुनै बिषयमा हामी भोटिङ्ग गऱ्या होला बहुमत अल्पमत भकोहोला तर त्यो पनि एउटा समझदारीका आधारमा एउटा प्रक्रियाका आधारमा हामी गएका छौं त्यसकारणले हाम्रो बिचमा आजको दिनसम्म त्यस्तो हेय खालको वैरभावको कुरा वैमनश्यको कुरा यो तलमाथिको कुरा छैन तर दुर्भाग्यवश हिजो एकदिन हाम्रो त्यस्तो घटना घट्यो अब यो घटनालाई दोहोरिन नदिनको लागि सरकार पनि सत्तापक्ष पनि सचेत छौं हामी तपाईंहरु पनि सचेत भैदिनु होला यस्तो खालको दुर्घटना दोहोऱ्याएर हामी हामी नकारात्मक कुराबाट शिक्षा नकारात्मक कुराहरुलाई उदाहरणको रुपमा पेश गरेर हामी अगाडि बढ्नु हुँदैन मैले भन्छु एकजना चाहिं तपाईंको माननीयले पनि त्यसो गर्नु भएको हो तर त्यो राम्रो कुरा त थिएन त्यो हामीले अनुसरण गर्ने कुरा त थिएन राम्रो बिषयमा के रे कुनै दिन तपाईंको हाम्रो सभामुखलाई जुत्ताले पनि हान्ने काम भयो त्यो राम्रो कुरा थियो जल्ले गरेपनि त्यो सब भत्सर्नायोग्य कुरा थियो ।त्यो सबैले त्यस्को आलोचना गरेकै छ त्यसैले यस्ता चाहि नहुने नराम्रा कुराहरुबाट हामीले अनुसरण नगरौं हामीले राम्रा राम्रा कुराहरुबाट हामी सिकौं किनभने संसदीय अभ्यासमा धेरै राम्रा नराम्रा कुराहरु भका छन् ती राम्रा कुराहरुलाई अनुसरण गर्दै नराम्रा कुराहरुलाई फाल्दै जाने होला यो काममा सबै माननीय सदस्यहरुको सहयोग चाहिन्छ प्रतिपक्षी दलको पनि महत्वपूर्ण भुमिका रहन्छ यो कुरा म यहाँ म यहि कुरा निवेदन गर्न चाहन्छु अन्तिममा म के कुरा भन्न चाहन्छु भने यो प्रदेश सरकारले अब हाम्रो प्रदेशमा प्रदेशको नामाकरणको प्रक्रियालाई अगाडि बढाउनु पऱ्यो प्रदेशको राजधानी तोक्ने कुरामा पनि हामीले चाँडो भन्दा चाँडो काम गर्नुपऱ्यो भनेर हामीले अभ्यास गर्न थाल्यौं प्रदेशमा हामीले बिधेयक चाहिं मन्त्रिपरिषदमा हामीले ल्याउने प्रयत्न गऱ्यौं बिधेयक ल्याएर त्यसमा हामीले छलफल चाहिं सैद्धान्तिक छलफल चलाउने क्रममा संबिधानको धारा धारा उपधारा पल्टाउँदाखेरि त्यो प्रदेश सरकारको बिजनेसको बिषय होइन रैछ हामीले धेरै संबिधानको धारा धारा उपधारा पल्टाएर हेर्दाखेरि २९५ धाराको उपधारा २ मा संक्रमणकालिन व्यवस्थामा एउटा कुरा के रैछ भनेदेखि प्रदेशको नामाकरण प्रदेश सभा प्रदेशको राजधानी तोक्ने काम प्रदेश सभाको दुई तिहाई बहुमतले गर्नेछ भनेपछि जस्ले पास गर्छ यद्यपी हामीले धेरै बिधेयकहरु मन्त्रिपरिषदमै उत्पन्न हुन्छन मन्त्रिपरिषदले ल्याउँछ त्यल्लाई संसदमा टेबल गर्छ र संसदले त्यसलाई छलफल गरेर पास गराउने कुरा हो तर यो बिशेष परिस्थितिको कुरा भाको हुनाले हाम्रो संबिधानले प्रदेशको नामाकरण गर्ने कुरा प्रदेशको राजधानी तोक्ने कुरा त्यसलाई त्यो मुलभुत रुपमा प्रदेश सभाकै जिम्मेवारीको कुरा तोकेको हुनाले हामीले

यो यस्को उत्पत्ति पनि प्रदेश सभामै होस भनेर फेरि पनि भन्यौ र प्रदेश सभाको सबै राजनैतिक दलहरुसँग छलफल गरेर हामीले एउटा चाहिं सर्वदलिय समिति बनयौं सर्वदलिय समितिले ११ वटै जिल्लाहरुमा सरोकारवाला समुदायसँग व्यक्तिहरुसँग जनतासँग छलफल गरेर एउटा सिफारिस गरेको छ म यहाँ निवेदन के गर्न चाहन्छु भने त्यो मेन्डेटोरी होइन।त्यल्लाई हामीले डिटेक्ड टु हाम्रो निर्देशन थिएन हाम्रो लागि त्यो हामीले बनाउँदाखेरि भनेका छौं उस्को निर्णयहरु हाम्रो लागि निर्देशन होइन त्यो मेन्डेटोरी होइन तर त्यो त्यस्को त्यहि सुझावको आधारमा त्यो सिफारिसको आधारमा हामी यहाँ छलफल गरेर निष्कर्षमा पुग्छौं त्यल्ले जे जे कुराहरु हामीलाई प्रस्ताव गऱ्या छ त्यो नै हाम्रो छलफलको मुख्य आधार बन्छ र त्यसैको आधारमा हामी छलफल गरेर निष्कर्षमा पुग्छौं भन्याछौं म निवेदन के गर्न चाहन्छु भनेदेखि यो धैरै सम्वेदनशिल बिषय छ।यो जातजाती सँग जोडिएको बिषय छ, यो भूगोल सँग जोडिएको बिषय छ, यो समुदाय धार्मिक सम्प्रदाय सँग जोडिएको बिषय छ तर यसलाई धैरै सडकको बिषय बनाइयो भने हाम्रो हामीले भोलि प्रदेश सभाबाट प्रदेशको नामाकरण दिनसक्ने कुरामा चाहिं कठिनाई पर्नसक्छ भन्ने मेरो मान्यता छ त्यसकारणले म सबै माननीय सदस्यहरु खासगरिकन प्रतिपक्षी दलका माननीय सदस्यज्युहरु अन्य माननीय सदस्यहरुलाई म के अनुरोध गर्न चाहन्छु भने यसलाई एउटा अऽऽ बौद्धिक छलफलको बिषय बनाएर सडकको नाराको बिषय नबनाएर यो संसदको गरिमा भित्र बसेर हामीले छलफल गरेर एउटा साझा निष्कर्षमा पुग्नुपर्दछ अब हुँदै भएन भने हामी भोटिङ्गमा त जानुपर्ने होला तर भोटिङ्गमा जाने प्रक्रियामा पनि सकभर हामी भोटिङ्गमा जाँदा सर्वसम्मत निर्णय गरौंला सर्वसम्मत निर्णय गर्न सकेन भने संबिधानले जे हामीलाई अधिकार दिया छ ऐन कानुनले जे बाटो देखाको छ त्यहि बाटोमा हामी जाउँला तर मेरो फेरि अनुरोध केछ भने मेरो दिलै देखिको कुरा के छ भनेदेखि हामीले यो बिषयलाई सबै मिलेर सर्वसम्मत रुपले टुङ्ग्याउनु पर्छ यो प्रतिपक्षको साखको बिषय यो सत्तापक्षको गरिमाको बिषय नबनाएर यो सबैको साझा बिषय हो अहिले हामीले नामाकरणमा मिलेर गयौं भनेदेखि हामी हाम्रो मुलुकमा हाम्रो प्रदेशमा स्थायित्वको ग्यारेन्टी हाम्रो मुलुकमा द्वन्दहरुको व्यवस्थापनको कुरा यसको मुलभुत प्रश्न छ त्यो सँग जोडिएको छ त्यसकारणले हामीले जसरी जति राम्रो सौहार्द ढंगले छलफल चलाएर यो निष्कर्षमा पुऱ्याउन सक्छौं आगामी दिनमा हामीले गतिविधिहरुले गतिविधिहरु त्यसले निर्देशित गर्ने भाहुनाले सरकारले काम गर्दाखेरि होस् या प्रतिपक्षले काम गर्दाखेरि होस् या प्रदेश सभाले काम गर्दाखेरि होस या हाम्रो सप्पै के रे व्युरोक्रेसीले काम गर्दाखेरि होस शान्ति सुरक्षा स्थापना गर्ने

कुरामा त्यसले महत्वपूर्ण बल प्रदान गर्दछ। एउटा महत्वपूर्ण नैतिक बल प्रदान गर्दछ त्यसकारण त्यसबाट डिडेल हुनुहुँदैन भन्ने मेरो अनुरोध छ र यो सम्मानानिय सभा समक्ष । माननीय चाहिं सभामुख महोदय, अन्तिममा म के भन्न चाहन्छु भने यो मैले भन्या थिएँ मैले के भन्या थिएँ भनेदेखि यो सबैको सरोकारको बिषय हो यो सबैको सरोकारको बिषय भाहुनाले यो मुख्यमन्त्री या प्रदेश सरकार यो छलफलबाट भाग्न खोजेको छैन कहिल्यै पनि छैन भाग्न भाग्न खोज्या छैन मैले के मात्र भन्या थें भने अहिले हामी गम्भिर बिषयको छलफलमा छौं संसदको एउटा महत्वपूर्ण कोर्समा हामी प्रवेश गऱ्याछौं त्यस्को बिषयहरु महत्वपूर्ण छन् जटिल छन् त्यसकारणले नीति कार्यक्रम पास हुनुपऱ्यो त्यो हाम्रो आगामी एक बर्षको लागि त्यो हाम्रो गाइडिङ्ग प्रिन्सिपल हुन्छ । हाम्रो गाइडिङ्ग प्रिन्सिपललाई पास गरिएन भने हामी कहाँ जान्छौं हामी बाटो पहिल्याउन सक्दैनौ त्यसकारणले नीति कार्यक्रममा छलफल गर्नुपऱ्यो नीति कार्यक्रम पास गरौं हामीले असार १ गते बजेट ल्याउनु छ बजेट ल्याउनु भन्दा अगाडि हामीले बजेट सँग सम्बन्धित दुइटा बिधेयकहरु पास गर्नु छ त्यस्को प्रक्रिया पनि पुरा गर्नुपर्नेछ ।यो सप्पै कुराहरु गर्दै लगातार चाहिं हामीले नियमित ढंगले छलफल चलायौं भने यो काममा पुग्न सक्छौं र नियम संगत ढंगले संबिधान सम्मत ढंगले हामी असार १ गते बजेट ल्याउन सक्दछौं मेरो आशय के थियो भने समृद्ध प्रदेश सभाको यो नियमित कारवाहीलाई हामीले अवरुद्ध गर्न खोज्यौं भनेदेखि सरकारले १गते त बजेट ल्याउँछ ल्याउँछ सचेत सरकार बजेट ल्याउनको लागि त्यो अप्रिय अलोकतान्त्रीक बाटोमा जान नपरोस् संसद स्थगन गरेर संसद संसदको यो अधिवेशन स्थगन गरेर अध्यादेशको बाटोमा सरकार जान बाध्य नपारियोस भनेर मैले वहाँहरुलाई भन्या थें त्यसकारणले यो सप्पै मेरो सरकारको बिषय के थियो भनेदेखि हामी नियमित ढंगले जाऊँ नामाकरणको बिषय मैले के भन्या छु भनेदेखि सभामुखज्युले हिजो रुलिङ्ग गर्नुभाछ यो संसदले त्यसलाई अन गऱ्याछ त्यसकारणले त्यसैमा आधारित भएर प्रदेश सरकार के कुरामा प्रतिबद्ध गर्न चाहन्छ के कुरामा आश्वस्त गर्न चाहन्छु भने जुन असार १० गतेको दिन जब छलफलको बिषय तोक्या छ, दिन तोक्या छ त्यहि दिन देखि हामी हाम्रो यो दफावार बजेटको दफावार छलफल नसकेपनि प्यारालल्ली हामी त्यो छलफल चलाउँदै लगेर हामी तपाईंहरुको मागलाई हामी त्यसरी सम्बोधन गर्न चाहेका छौं त्यसपछाडि हामी सबैको दायित्व हुनेछ नामाकरण के राख्ने राजधानी प्रदेशको राजधानी तोक्ने कुन तोक्ने भन्ने कुरा हामी सबैको दायित्व हुनेछ। यहि कुराहरु यो सदन समक्ष राखेर माननीय सभामुख महोदय, म प्रतिपक्षी दलका नेताज्युहरुलाई फेरि पनि अनुरोध गर्न चाहन्छु अब यो संसदलाई नियमित रुपले

चलाउने जुन कुरो हाम्रो सहमति भाछ यो निर्विवाद रुपले अगाडि बढोस यो वातावरण सृजना गर्नुभएकोमा प्रतिपक्षी दलका नेताज्यु और अन्य माननीय सदस्यज्युहरुलाई म धेरै धेरै धन्यवाद दिन चाहन्छु र प्रदेश सरकारको फेरि पनि म प्रतिबद्धता दोहोऱ्याउन चाहन्छु सभामुखज्युले रुलिङ्ग गर्नुभएको बिषय २०७५ साल असार १० गते देखि प्रदेशको नामाकरण र प्रदेशको राजधानी तोक्ने बिषयमा नामाकरण र राजधानी तोक्ने समितिले जुन सिफारिस गऱ्याछ त्यो सिफारिसलाई आधार बनाएर हामी छलफलको कार्यक्रम अगाडि बढाउने छौं र एउटा चाँडो भन्दा चाँडो र निष्कर्षमा पुग्ने छौं म त आशावादी छु कि कमसेकम हामी सप्पै कुरामा या पहिलो पहिलो पहिलो भैरहेको पार्टी या संसद हामी यसमा दोस्रो पहिलो हुन सकेनौ। ६ नं प्रदेशले हामीलाई उछिनेको छ यसकारणले कमसेकम डिस्टनिक्सन ल्याउन नसकेपनि फर्स्ट डिभिजन त ल्याउँन म भन्न चाहन्छु त्यसकारणले दोस्रो नम्बरमा दोस्रो संसद भयो है प्रदेश सभा प्रदेश नं ४ को प्रदेश सभा दोस्रो सभा भयो जस्ले आफनो नामाकरण गऱ्यो प्रदेशको जस्ले आफ्नो प्रदेशको राजधानी तोक्यो भन्ने कुरा दुनियाँको सामु देखाउँ अरुको सामु देखाउँ यो कुरामा पनि सबैको सहमति हुनेछ भन्ने विश्वासका साथ आज जुन ढंगले यो संसदलाई नियमित रुपमा अगाडि बढाउने कुरामा सबैको साथ सहयोग र समर्थन रहेको छ सबै प्रति म आभार व्यक्त गर्दै आफ्ना भनाई टुङ्ग्याउने अनुमति चाहन्छु। धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्यहरु अब माननीय प्रदेश प्रमुखज्युले मिति २०७५ जेठ २५ गते सभामा प्रस्तुत गर्नुभएको आर्थिक नीति तथा कार्यक्रम माथिको छलफल प्रारम्भ हुन्छ ।सर्वप्रथम माननीय सदस्य श्री धनञ्जय दवाडीलाई छलफलमा भाग लिन समय दिन्छु । समय ५ मिनेट

## माननीय श्री धनञ्जय दवाडी

सभामुख महोदय, माननीय प्रदेश प्रमुख बाबुराम कुँवरज्युबाट प्रस्तुत ७५/७६ को नीति तथा कार्यक्रम माथिको छलफल प्रारम्भ भएको छ।हामी संघीय लोकतान्त्रीक गणतन्त्रलाई संस्थागत गर्ने अभियानमा छौं। लोकतन्त्रको विधि, पद्धति, प्रक्रिया र संस्कृतिको निर्माण गर्ने चरणमा छौं।यतिबेला विगतबाट सिक्ने अवसर प्रदेश सभालाई छैन किनभने यो पहिलो प्रदेश सभा हो

हामीले गरेका विधि हाम्रा व्यवहार र हाम्रा काम कारवाहीहरु आगामी बर्षौं सम्म यसले निर्देशित गरिरहने छ। यसकारण यस सभामा हाम्रा भनाईहरु हाम्रा विधिहरु र हाम्रा व्यवहारहरुले पछिल्लो पुस्तालाई संसदीय राजनीतिमा संघीय गणतन्त्रको संस्थागत गर्ने कुरामा संघीय संसदलाई सरी प्रदेश संसदलाई व्यवस्थित गरेर अगाडि जाने कुरामा कसरी निर्देश गर्नेछ भन्ने कुरा पछि सम्म पनि अध्ययन गरिने अनुभव गरिने बिषय हो भन्ने ठान्दछु ।नेपालको इतिहास आफैंमा पनि संसदीय राजनीतिको अनुभवका हिसाबले निकै छोटो अवधिमा मात्रै प्रतिनिधित्व गरेको इतिहास हाम्रा बिच छ।नेपालको पहिलो निर्वाचित संसदले धेरै लामो समयसम्म अवसर प्राप्त गरेन पहिलो निर्वाचित प्रधानमन्त्री वी.पी. कोइराला जतिबेला दुई तिहाई सहित सरकारको नेतृत्व गरिरहनुभको थियो । कम्युनिष्ट पार्टी चारजना सदस्यका साथ त्यो संसदमा उपस्थित थियो ।हामीले दोस्रो संबिधान दोस्रो संसदमा आइपुग्दा त्यो तस्वीरको फेरबदल त देख्यौं र हाम्रा अभ्यासहरु हाम्रा कामहरुले हाम्रा संसदीय परम्परा र संसदीय राजनीतिलाई सुखद बाटोतर्फ लगेनन् हाम्रा अनुभवले हामीलाई सिकाएको छ। गणतन्त्र प्राप्तिको आन्दोलनसम्म आइपुग्दा हामीले धेरै चिज र हाम्रा विधि व्यवहारहरुलाई परिवर्तन गरेका छौं संस्थागत गरेका छौं र स्वयं हाम्रो यो प्रजातन्त्रलाई हाम्रो यो संसदीय पद्धतिलाई हामीले परम्परागत संसदीय पद्धति भन्दा फरक बाटोबाट लैजाने प्रयत्न र अभ्यासहरु गरेका छौं ।यी सबै हाम्रा पुँजी हुन् हाम्रा गौरव हुन् हाम्रा अभ्यासहरु हुन यसमा हामीले गर्व गर्नुपर्छ ।स्वभाविक हिसाबले संसदमा सत्तापक्ष र प्रतिपक्ष हुने कुरालाई स्वीकार्नुपर्दछ र प्रतिपक्ष संसदीय राजनीतिको निमित्त महत्वपुर्ण अंग हो त्यसलाई अस्वीकार गर्ने , त्यसलाई नचाहने भन्ने कुरा संसदीय राजनीतिमा कल्पना पनि गर्न सकिन्न यसकारणले हाम्रो संसद, हाम्रो लोकतन्त्र, हाम्रो गणतन्त्रको भविष्य प्रतिपक्षी दलहरुले गरिरहने विधि र व्यवहारका आधारमा बढि निर्देशित र निर्भर रहन्छ भन्ने कुरालाई हामीले स्वीकार्नु पर्दछ ।यस बिच हामीसँग सरकारको तर्फबाट प्रस्तुत भएको नीति र कार्यक्रम छ।यो कार्यक्रमले हामीलाई हाम्रै संस्थागत संरचना निर्माण गर्नका लागि निर्देश गरेको छ।यसले प्रदेशको नीति तथा संरचना निर्माणको बर्षका रुपमा जुन अभ्यास गरेको छ यो नीति र संरचनाको निर्माण हामी स्वयं प्रदेशका सभाका सदस्यहरुको विधि, व्यवहार र आचरणलाई निर्माण गर्ने बर्ष पनि हो त्यस्को शैली शैली संस्कृति र विधिहरुलाई तय गर्ने बर्ष पनि हो भनेर हामीले स्वीकार्नु पर्दछ। २ बर्ष भित्र उज्यालो प्रदेश बनाउँछौ, खानेपानीको व्यवस्था पुर्‍याउँछौं, शिक्षाको व्यवस्थापन गर्छु भन्ने कुरा र बालमैत्री शहर निर्माण गर्छु भनेर सरकारले ल्याइरहेको प्रतिबद्धता र कार्यक्रम एकलढंगले पुरा गर्न सकिन्न यो सप्पै पक्षको

प्रतिपक्षको साझा दायित्व र जिम्मेवारी हो यदि हामी यो प्रदेशलाई साँच्चै सुन्दर, सभ्य, सुसंस्कृत शहरका हिसाबले हामीले विकास गर्न चाहन्छौं भने यहाँ हामी सबैको योगदान आवश्यक छ।यो योगदानलाई पुऱ्याउनका निमित्त सरकारका तर्फबाट अगाडि सारेका सबै कार्यक्रमलाई कार्यान्वयन गर्नका निमित्त अगाडि जानका लागि यो मार्गनिर्देशन हो जाने बाटो हो र यो बाटोको आधारबाट हामी समृद्धिको बाटोमा जान सक्छौं अगाडि बढ्न सक्छौं यो बाटो बाट जानका लागि यो नीति तथा कार्यक्रमले एउटा आँखीझ्यालबाट संसार चियाउन गरिएको प्रयत्न हो भन्ने कुरा मात्रै म तपाईंहरुको बिचमा राख्न चाहन्छु। संबिधानले स्थानीय तह, प्रदेश र संघका बिच सहकार्य, समन्वय र समझदारीका आधारमा अगाडि बढ्न निर्देश गरेपछि हामीले हाम्रा ठाउँहरुलाई हामीले हाम्रा गाउँहरुलाई विकास र समृद्धिको बाटोमा हिंडाउनका निमित्त लेक बेंशी र पहाडहरुलाई समृद्धिको यात्रामा सँगसँगै हिडाउनका निमित्त हाम्रा बिच धेरै सहकार्य र सहमतिका आवश्यकताहरु छन् हाम्रा योजनाहरु जनमैत्री जन अनुमोदित हुन जरुरीयत छन् भन्ने कुरालाई हामीले बुझ्नुपर्दछ त्यहि ढंगले व्यवहार र विधि गर्नुपर्दछ भन्ने लाग्छ ।बार्षिक ५० हजार युवाहरुलाई रोजगारी दिने कुरा, १ लाखलाई स्वरोजगारी प्रदान गर्ने कुरा महत्वपूर्ण छ।३ सय होमस्टे बनाउने र ५ सय मुख्यमन्त्री वातावरण मैत्री कृषि भिलेज बनाउने कुरा आफैंमा महत्व महत्वपूर्ण कुरा हो। यसकारणले यी यस्ता महत्वपूर्ण चीजहरुका बाटोबाट यसका मार्गदर्शनका माध्यमबाट हामीले अगाडि बढ्ने जुन प्रयत्न गरेकोछौं सरकारले जुन ढंगले यो नीति कार्यक्रम ल्याएको छ यसले यो ५ बर्ष भित्र (**माननीय सभामुख ज्युबाट समय सकिएको जानकारी)** हामीलाई फुर्सद छैन र विना फुर्सद यो काम प्रदेश निर्माणको लागि अगाडि बढौ भन्ने आव्हान गर्दै विदा हुन्छु । धन्यवाद । नमस्कार ।

## माननीय सभामुख

माननीय सदस्य श्री मेखलाल श्रेष्ठ लाई छलफलमा भाग लिन समय दिन्छु । समय ५ मिनेट ।

## माननीय श्री मेखलाल श्रेष्ठ

सभामुख महोदय, हाम्रा अग्रजहरुले जुन आफ्नो बलबुताले भ्याएसम्म र हाम्रो युवा पुस्ताहरुले आफ्नो जवानीलाई मतलव नगरिकन ल्याएको लोकतन्त्र र प्रजातन्त्रको सुन्दर पक्ष भनेको आज हामीले यो प्रदेश सभामा अनुभुत गर्न पाएका जस्तो लाग्छौं।लोकतन्त्र भनेको प्रजातन्त्र भनेको र

संसदीय परम्परा भनेको यहि हो जस्तो मलाई लाग्छ ।हिजो हामी यहाँ एउटा लडाईंको भूमीमा जस्तै सत्तापक्ष र प्रतिपक्ष झगडा गरेको अनुभव बाहिर नबुझेका साथीहरुले बुझ्नुभयो होला तर आज हामी फेरि एउटै घरका दुई दाजुभाई जसरी मिलेर यो प्रदेशलाई कसरी समुन्नत र कसरी विकासको बाटोमा डोऱ्याउन सकिन्छ भन्नेकुरा हामी अगाडि बढ्न गैरहेका छौं।मैले सर्वप्रथम मुख्यमन्त्रीज्युलाई धन्यवाद दिन चाहन्छु।जुन कुरा सत्तापक्षको नेता मुख्यमन्त्रीज्युले सबैले प्रष्ट भाषामा बुझ्ने गरि हामीलाई पनि चित्तबुझ्दो तरिकाले संसदीय परम्पराको व्याख्या गर्नुभयो त्यो व्याख्या सधैं यसरि नै प्रतिबद्धता साथ अगाडि बढ्नेछ भन्ने हामीलाई पूर्ण विश्वासका साथ हामी उहाँहरुको चाहना र नेपाली जनता र प्रदेशका जनताको इच्छा र चाहना अनुसार सधैं अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु।आज यो प्रदेश सभामा नीति तथा कार्यक्रम आएको छ मैले भनेको थिएँ पहिला ड्राफ्ट आएको थियो अहिले यहाँ नक्सा प्रिन्ट भएर आएको छ घर बनाउनको लागि। इन्जिनियरहरु आइसकेका छन् कामदारहरु आइसकेका छन् त्यो घर बनाउनको लागि चाहिने सामानहरु सिमेन्ट, बालुवा र पानी कसरी मिसाइन्छ त्यो घर त्यसरी बन्छ र मजबुत कहाँसम्म पुग्छ र त्यस्को टिकाउ कसरी हुन्छ त्यो घरलाई हामीले कति मान्यता दिने भन्ने कुरा त्यो घरमा मिसाइने सिमेन्ट, बालुवा र पानी घोलिसकेर जब हाल्न थालिन्छ त्यसपछि अवश्य पनि हामीले त्यसलाई आफ्नो विश्वासमा लिनुपर्छ र अगाडि बढ्न पर्छ भन्ने मलाई लाग्दछ।धैरै कुरा यो सरकारले नीति तथा कार्यक्रम मार्फत ल्याउन खोजिएको छ मैले खालि आशंका मात्रै गरेको अविश्वास गरेको होइन।धैरै कुराहरु छुन खोज्दा महत्वपूर्ण कुराहरु छुट्छन कि भन्ने मलाई कता कता डर लागेको छ त्यसमा पक्कैपनि विज्ञ मन्त्री, विज्ञ मुख्यमन्त्री लगायत अनुभवी अरु मन्त्रीहरुले पनि पक्कै ख्याल गर्नुहुनेछ र महत्वपूर्ण कुराहरु नछुट्नेछन् र सबैलाई समानता र महत्वपूर्ण कुराहरुलाई नछुटाइकन सबैलाई मिलाएर लाने कुरामा अगाडि बढ्नुहुनेछ भन्ने मलाई लाग्दछ ।नीति तथा कार्यक्रममा धैरै कुराहरु समेटिएका भएता पनि यसलाई कार्यान्वयन गर्ने सिलसिलामा यो सरकारले एउटा कुरा चाहिनि छुटाएको जस्तो लाग्छ मलाई त्यो कुरा के हो भने मुख्य कुरा कार्यान्वयन गर्नको लागि अहिले बजारमा प्रशस्त अरु आएका छन काम गर्ने मानिसहरुले के कारणले आँफुले त्यस्को दायित्व बोध गर्ने त्यो दायित्व बोध गरे वापत के पाइन्छ भन्ने कुरा सरकार सजग भयो र राम्रो गर्नेलाई पुरस्कार नराम्रो गर्नेलाई सजाय दिने व्यवस्था एउटा राम्रो तरिकाले गऱ्यो र त्यस्को कार्यान्वयन पनि गरेर देखायो हो सरकारले साँच्चै नै मलाई राम्रो काम वापत पुरस्कार दियो मलाई प्रोत्साहन दियो र फल्नालाई नराम्रो काम गरे वापत त्यस्ले

सजाय पायो र त्यो सजायको भागिदार थियो भनेर प्रदेशका जनता र अरु त्यहि प्रकारका काम गर्ने साथीभाईले महसुस गर्न पाए भने यो नीति तथा कार्यक्रमले सफलता पाउनेछ र आउने बजेट र यो प्रदेशको जुन (**माननीय सभामुख ज्युबाट समय सकिएको जानकारी)** चाहना थियो त्यो चाहना अवश्य पुरा हुन्छ भन्ने मलाई विश्वास छ त्यसमा प्रदेश सरकार लाग्छ भन्ने पूर्ण विश्वासका साथ विदा हुन्छु ।धन्यवाद । जय नेपाल ।

## माननीय सभामुख

माननीय सदस्य श्री दिपक कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु । समय ५ मिनेट ।

## माननीय श्री दिपक कोइराला

माननीय सभामुख महोदय, हामी २०७५/७६ को नीति तथा कार्यक्रमको बारेमा यो सदनमा छलफलमा छौं ।लामो समयको संघर्ष पछि हामीले प्राप्त गरेको संघीयता त्यसमा स्थापित यो प्रदेश सभा र यो पुरै आर्थिक बर्षको नीति तथा कार्यक्रम पहिलो पटक हामीले यहाँ प्रस्तुत नीति तथा कार्यक्रममा छलफल गर्ने जमर्को छलफलको क्रममा हामी छौं ।म सबभन्दा पहिला हरेक कुरा प्राप्त गर्ने जुन राजनीतिक आन्दोलनहरु हुन्छन ती आन्दोलन राजनीतिक आन्दोलन हरूबाट प्राप्त गरिने राजनीतिक परिवर्तन मुख्य कुरा हो हुन आउँछ।हाम्रोमा संघीयतता, गणतन्त्र, धर्मनिरपेक्षता, समानुपातिक समावेशिता जस्ता परिवर्तनहरुलाई स्वीकार गर्ने तर त्यो परिवर्तन गर्नका निमित्त गरिएको महान जनयुद्धलाई स्वीकार नगर्ने जुन प्रवृति थियो यो नीति तथा कार्यक्रमले त्यस्को अन्त्य गरेको छ ।जनयुद्ध लडेर यी परिवर्तनहरुलाई संस्थागत गर्ने एउटा योद्धाको रुपमा घाइते योद्धाको रुपमा यो भन्दा खुशीको कुरा अरु केहि हुन सक्दैन म सबभन्दा पहिला सरकारलाई यो परिवर्तनलाई संस्थागत गर्ने जनयुद्ध मुख्य रुपमा रहेको कुरा जसरी स्थापित भएको छ म सरकारलाई हार्दिक धन्यवाद आभार ज्ञापन गर्न चाहन्छु । त्यो परिवर्तनको जगमा सँगसँगै हामीले यो संघीयता जसरी प्राप्त गऱ्या छौं र पहिलो पटक हामी पुरै आर्थिक बर्षको नीति तथा कार्यक्रममा छौं र यसले हामीले यहाँ धेरैपटक चर्चा गऱ्या छौं र संबिधानले हामीलाई समाजवाद उन्मुख संबिधान हामीले प्राप्त गऱ्या छौं र हामी सबैले हाम्रा नीति तथा कार्यक्रमहरु बजेटहरु समाजवाद उन्मुख निर्माण गर्नु पर्दछ भनेर भन्या छौं र यसलाई सरसर्ति सबै पढिसक्दा र अघिल्लो पटक कतिपय साथीहरुले यो नीति कार्यक्रम अलि पोखरा केन्द्रित भयो कि जस्तो यो

खास महानगरपालिकाको भयो कि भनेर व्यंग्य पनि गर्नुभाथ्यो सायद यसपटकको नीति तथा कार्यक्रम यति धेरै विस्तारित रुपमा र यो प्रदेशका सबै क्षेत्रलाई र खासगरिकन म अझै अर्को कुरा के कुरामा बढि महत्व दिएको जस्तो देख्छु भने प्रदेशका हरेक निर्वाचन क्षेत्रलाई चाहे औद्योगिक ग्राम औद्योगिक क्षेत्र निर्माण गर्ने कुरा होस चाहे हरेक गाउँपालिकामा औद्योगिक ग्राम निर्माण गर्ने कुरा होस ति सबै कुराले कृषि कार्यक्रम देखि हरेक कुराले हाम्रा हरेक कुरालाई यसले समेटेको छ र यो सिङ्गो प्रदेशलाई समाजवादी अर्थतन्त्र निर्माण गर्ने, हरेक यहाँका जनताहरुलाई राज्यको प्रदेश सरकारको अनुभुति दिन सफल हुने यो कार्यक्रम आएको छ। यसकारण यो कार्यक्रम यसलाई कार्यान्वयन गर्ने र अगाडि बढाउने हामीसँग चुनौतीहरु छन् ती चुनौतीहरु हामीसँग अहिले पनि छन्।केन्द्रीय सरकार, केन्द्रीय सरकार वा केन्द्रीकृत मानसिकताबाट ग्रसित भएर त्यो विभिन्न पुराना हाम्रा संरचनाहरु त्यसलाई छोडेर अगाडि बढ्न नसक्ने एउटा पीडा हामीले खेपिरहेका छौ । त्यो धेरै पटक यो सदनमा पनि उठेको छ मैले भनेको छु यी कार्यक्रमहरु अगाडि बढाउनका लागि केन्द्रीय सरकार सँग हामीले प्रतिपक्षको भुमिका निर्वाह गर्नैपर्छ किनभने यी धेरै कार्यक्रमहरु निर्माण गर्न र अगाडि जानका लागि हामीले हाम्रा अहिले संघीय यो प्रदेश सरकारलाई समन्वयको रुपमा जस्तो हो कि प्रदेश सरकारको बारेमा प्रदेश सभाको बारेमा र अलिकति हाम्रा भुमिकाहरुका बारेमा पनि अलि अलि केहि प्रश्न चिन्हहरु उठेका छन् त्यसकारण यो सबैलाई हल गर्न र अगाडि जान जान हामी सक्यौं र अगाडि जान सक्यौं भने हामीले समाजवाद निर्माण गर्नेकुरा र हामीले हाम्रो प्रदेशलाई समृद्ध बनाउने अघि भर्खरै यहाँ माननीय मुख्यमन्त्रीले भन्नुभए जस्तै हाम्रो प्रदेशलाई जसरी पहिलो पहिलो बनाउँदै गएका छौं ठिक त्यसैगरि हामी हाम्रो प्रदेशलाई एउटा समृद्ध प्रदेशको रुपमा सातवटा प्रदेशमा सबभन्दा बलियो समृद्ध प्रदेशको रुपमा सबभन्दा धेरै आय स्रोत भएका जनताहरु बस्ने प्रदेशको रुपमा अगाडि बढाउन सक्दछौं र यो नीति तथा कार्यक्रमले त्यतातिर हामीलाई डोऱ्याएको छ भन्ने राख्दछु र यो नीति तथा कार्यक्रमको पूर्ण रुपमा समर्थन व्यक्त गर्दै र यो एउटा ऐतिहासिक यो एक बर्षको मात्रै होइन यो पचासौं बर्षका निमित्त काम लाग्ने नीति तथा कार्यक्रम यो सरकारले ल्याएको छ। म यत्ति कुरा राख्दै मेरो भनाईहरु यहिं अन्त गर्दछु ।धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री पियारी थापालाई छलफलमा भाग लिन समय दिन्छु । समय ५ मिनेट ।

## मानननीय श्री पियारी थापा

माननीय सभामुख महोदय, आजको सभामा प्रदेश आजको सभामा प्रदेश प्रमुख ज्यू, माननीय प्रदेश प्रमुख ज्यूले पेश गर्नुभएको ७५/७६ को नीति तथा कार्यक्रम उपर छलफलको क्रममा रहिरहेका छौं ।अ नीति तथा कार्यक्रम भित्र धैरै भन्दा धैरै कार्यक्रमलाई एकसाथमा लिएर प्रदेश नं ४ लाई विकासको सुन्दर श्रेणीमा एक पुऱ्याउने सपना सरकारले लिएको छ यो प्रकारले कुनैपनि हालतमा प्रदेश सरकारको प्रदेश समग्र विकासमा टेवा पुऱ्याउने खालको बन्न सकेको छैन नयाँ अवस्था नयाँ व्यवस्था पुरानै शैलीका कार्यक्रमहरु केन्द्रीकृत हुने अत्याधिक सम्भावना रहेको छ ।प्रदेशको समग्र विकासलाई अभिवृद्धि गर्नका लागि सरकारको सरकारले सन्तुलित विकासको लक्ष्य अनुरूप नीति कार्यक्रम ल्याउन सक्नुपर्थ्यो तर त्यसो हुन सकेन संघीय शासनको मर्म अनुरुप पनि हुन सकेको छैन त्यसैले गर्दा नीति कार्यक्रम अपुरो रहेको मैले अनुभुति गरेको छु प्रदेशले समाजवाद उन्मुख अर्थव्यवस्थालाई अंगिकार गर्ने जिकिर विनियोजन बिधेयकमा गरे अनुरुप त्यस्तो प्रकारको कुनैपनि कार्यक्रमलाई आत्मसात गरेकोऽऽ नगरेको देख्दाखेरि मलाई अचम्म लागिरहेको छ।कमसेकम वामपन्थी बहुमतको सरकार भएको अवस्थामा सर्वहाराको सर्वहारा वर्गको अपनत्व हुने खालको नीति कार्यक्रमहरु ल्याउन सकेको भए अधिकांश नीति कार्यक्रमहरु पुँजीवादलाई टेवा पुऱ्याउने रहेको छ त्यस्ले गर्दा कालान्तरमा धनी र गरिब बिचको खाडल अझ बढि बढ्ने सम्भावना मैले देखेको छु । सबैभन्दा पहिला प्रदेशमा व्याप्त असमानता, बेथिति र रोजगार बेरोजगारीको साझा समस्यालाई सम्बोधन गर्न प्रदेश सरकारले ठोस कार्यक्रम बनाउनु आवश्यक छ। जुन दिशामा अगिल्लो सरकारको कार्य प्रणाली त्यो कार्यप्रणालीलाई बिलकुल उल्ट्याउन सक्नुपर्छ ।त्यहि प्रणालीलाई अंगिकार गरेर आगामी दिनमा विकासको छलाङ्ग के सम्भव होला प्रदेश सरकारले सबै खालको सिन्डिकेटलाई तोड्ने लक्ष्य लिएको छ म यसलाई अन्तरआत्मादेखि स्वागत गर्दछु तर त्यो यो बर्षमा कस्ता सिन्डि, सिन्डिकेडधारीको सिन्डिकेड तोडिने हो यो भने हेर्न बाँकी नै छ ।नेपालमा हरेक क्षेत्रमा सिन्डिकेडधारीको वर्चस्व छ त्यसले गर्दा समयमै यसको यसलाई निदान गर्नु आवश्यक छ।मलाई लाग्छ सरकारको पहिलो प्राथमिकता यहि हुनुपर्छ नत्र हाम्रो विकासको नीति तथा कार्यक्रममा तगारो भावी दिनमा यहि हुनेछ।कृषियोग्य जमिनको खण्डिकरण चक्लाबन्दी आजको अत्यन्तै ठुलो चुनौतीको बिषय बनिरहेको छ मत भन्छु यो शहर केन्द्रीत विकास योजनाको फलस्वरुप कृषियोग्य जमिनको घर घडेरीमा परिवर्तन भएका छन्

यसले उत्पादनमा वृद्धि पक्कैपनि ह्रास पुर्‍याउनेछ ।हामी रोजगारीको सृजना गर्न कराइरहेका छौं तर के कस्ता क्षेत्रबाट रोजगारी दिने हो ठोस रुपमा आउन सकेको छैन देशको रोजगारीको एकमात्र सम्भावना कलकारखाना हो। कलकारखाना खोल्ने बारेमा कार्यक्रमहरु बोल्न सकेका छैनन्।घरेलु उद्योगको अवस्था धराशायी रहेको छ ती उद्योगहरुलाई निरन्तर सञ्चालनमा सरकार उत्सुक देखिन्न अनि आत्मनिर्भर बन्ने लक्ष्य कसरी पुरा हुने हो त्यो पनि हेर्न बाँकी नै रहेको छ र नीति तथा कार्यक्रममा त आयो भोलि गएर यसभित्र बजेट विनियोजन कसरी हुने हो त्यसका लागि पर्याप्त पुँजी कहाँबाट ल्याइने हो यो भने चिन्ताको बिषय रहेको छ।यसैगरि हामीकहाँ कार्यान्वयनको पक्ष अत्यन्तै फितलो छ भने अर्को तर्फ एकाधिकारले जकडिएको निर्माण व्यवसायीहरुको एकाधिकार तोड्ने काममा पनि सरकारको ध्यान आकर्षण होस भन्ने चाहन्छु र अन्तमा कार्यप्रणालीका अन्तमा कार्यप्रणालीलाई आमुल परिवर्तन गर्दै प्रदेशको प्रदेश सरकार लागि पर्‍यो भने जनताले केहि हदसम्म विकास पाउनेछन् भन्ने मैले महसुस गरेको छु। यति भन्दै मेरा दुई चार शब्दहरु यहिं टुङ्ग्याउने अनुमति चाहन्छु। हवस् त धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री हरिशरण आचार्यलाई छलफलमा भाग लिन समय दिन्छु । समय ५ मिनेट ।

## माननीय श्री हरिशरण आचार्य

माननीय सभामुखज्यु, आज यो हलमा उपस्थित भएर बोलिराख्दा वास्तवमा प्रजातान्त्रिक समाजवाद वैज्ञानिक समाजवाद या समावेशी लोकतन्त्र सहितको समुन्नत समाजवाद यी तिनै पक्षहरु यो हलमा उपस्थित छ।मैले अनुभुत गरिराखेको छु यो तिनटै पक्ष आज त्यो आ-आफ्नो समाजवादको ढोंग फुक्नका निमित्त प्रतिस्पर्धा गरिराखेको छ।मैले त्यो अनुभुत गरिराखेको छु कि यो तिनटै समाजवाद कस्तो समाजवाद हुन्छ सायद हामी कल्पना गरिराखेका छौं र मलाई लाग्छ आज त्यसैको जगमा प्रतिपक्ष सत्तपक्षको बिचमा भिडम्भाड छ। तर पनि मलाई लाग्छ हामी प्रजातन्त्रको एउटा नमुना प्रदर्शन गरिराखेका छौं ।हामी लोकतन्त्रको एउटा नयाँ अभ्यास गरिराखेका छौं ।त्यो नयाँ लोकतन्त्रलाई हामी कसरी समुन्नत बनाउन सक्छौं सायद सत्तापक्ष बिशेष गरि सरकार गम्भिर बन्न जरूरी छ म त्यो आग्रह गर्न चाहन्छु र हामी ७५/७६ को नीति तथा कार्यक्रमको बिषयमा हामी छलफल गरिराखेका छौं। वास्तवमा संबिधानको पूर्ण कार्यान्वयन गर्ने

कुरा संघीयतालाई कुशलताका साथ व्यवस्थापन गर्ने कुरा समृद्ध नेपाल सुखी नेपालको राष्ट्रिय अभियानलाई अनुभुत र देखिने गरि सार्थक बनाउने कुरा विकासमा नवप्रवर्तक र प्रगतिशिल नीतिको कार्यान्वयनमा जोड दिने बिषय समाजवाद उन्मुख अर्थव्यवस्थाको लक्ष्य र उद्देश्य हासिल गर्ने मार्गनिर्देश गर्ने कुरा ३ सय गाउँलाई नमुना पर्यटकिय गाउँ अर्थात सायद होमस्टे अथवा मतलव के भन्न खोजिएको हो त्यो बनाउने कुरा ताल संरक्षण विकास प्राधिकरण गठन गर्ने बिषय अनि समान कामको समान ज्याला जो लैङ्गिक हिसाबले श्रमलाई विभेद गरिएको थियो त्यो कुरालाई समावेश गर्ने कुरा मैले यो बजेट यो नीति तथा कार्यक्रमको सकारात्मक पक्ष मैले अनुभुत गरिराखेको छु र वास्तवमा यसको सकारात्मक पाटो एकातिर छ तर फेरि यसले केहि नयाँ र सोचनीय बिषयवस्तुहरु जन्माएको छ र मैले मलाई के लागिराखेको छ भने हामी मौलिक हकलाई संबिधानमा ग्यारेन्टी गर्दै गरेका बिषयवस्तुहरुलाई हामी व्यवहारिक रुपमा कसरी कार्यान्वयन गर्दै छौं त्यो हेर्न बाँकी छ। अनि आज सरकारको नीति तथा कार्यक्रममा एउटा पार्टी बिशेषको घोषणापत्रको नाम उल्लेख गरिन्छ मैले कता पट्टी बुझौं।म त्यो कुरामा चिन्तित बनिराखेको छु अनि वैज्ञानिक वन व्यवस्थापनको कुरा जो राज्यको करोडौं आम्दानीको बिषयवस्तु छ र त्यो वनलाई व्यवस्थित गर्ने कुरा पनि छ त्यो कुरा तर्फ सरकार अलि केन्द्रीत रहोस म आग्रह गर्न चाहन्छु र यो कतिपय नगरपालिका अनि गाउँपालिका मतलव बिशेषगरि नगरपालिका र गाउँपालिकामा अलि बढि यो टेलिफोन लाइनहरु ल्याण्डलाइन टेलिफोन पुर्‍याउने कुरा अहिले राज्यले अलि बढि जोड गर्न जरुरी छ त्यो बिषयवस्तु नीति तथा कार्यक्रम भित्र केन्द्रीत भाको छैन मेले अनुभुत गरिराखेको छु कि त्यो बिषयवस्तुलाई समेटियोस म आग्रह गर्न चाहन्छु र अन्तमा मैले के आग्रह गर्न चाहन्छु भने प्रतिपक्ष र सत्तापक्ष भन्ने कुरा यो सदनको एउटा गरिमाको बिषयवस्तु हो र यसलाई सम्मानका साथ सत्तापक्षले घमण्ड नगरिकन र प्रतिपक्ष हामी एउटा गम्भिर ढंगले यो मुलुकको हामी जिम्मेवार शक्ति हौं भन्ने कुराको हामी निश्चित रुपमा हामी देखाउनका निमित्त हामी तत्पर रहनेछौं र विश्वासका साथ यो प्रदेशलाई, ४ नं प्रदेशलाई समृद्ध प्रदेश बनाउने कुरामा हामी ढुक्क छौं मलाई त्यो लाग्छ र अन्तमा मैले भन्ने कुरा के हो भने यो प्रदेशको एउटा मात्र मैले यहाँ लेखिराखेको छु कि प्रदेशलाई अनुमति दिएको छ। यो प्रदेशलाई अनुमति दिएको पत्र समेत त्यसमा च्याङ्गलीको औद्योगिक क्षेत्र निर्माण गर्ने कुरा सम्भाव्यता अध्ययनको कुरा बढिसकेको छ त्यसलाई सरकारले समावेश गर्ने र किटानीका साथ अगाडि बढाउने कुरामा नचुकोस् यहि आग्रहका साथ म आफ्नो भनाई टुङ्ग्याउँछु। धन्यवाद।नमस्कार।

**माननीय सभामुख**

माननीय सदस्यहरु, यो छलफल आजको लागि यहिं समाप्त हुन्छ ।

**माननीय सदस्यहरु, अब यो बैठक २०७५ साल जेठ २९ गते दिनको १ बजे समयको लागि स्थगित हुन्छ ।**